म.जि. प्र. का. द.नं. : १०६ / ०६८, वर्ष १२, अंक १२४ शुक्रबार १ पुस २०७९ ने. सं. ११४३ चिलागा 16 December, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं

- धुम्रपानले मुटु, दम, श्रुवासप्रश्रुवास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ।
- आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं।
- कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं।
- धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं।
- धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ।

त्यसैले,
धुम्रपान नगरौं, स्वस्थ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

पहिलो चौमासिकमा बागमती प्रदेशको बजेट खर्च १० प्रतिशत

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/ बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०७९/८० को पहिलो चौमासिकमा १० प्रतिशत मात्रै बजेट खर्च भएको छ ।

चालू आर्थिक वर्षको साउनदेखि कात्तिकसम्मको पहिलो चौमासिकमा कूल बजेटको १० प्रतिशत मात्रै बजेट खर्च भएको हो । प्रदेश सरकारले चालु आर्थिक वर्षको लागि ७० अर्ब ९३ करोड ९२ लाख ९१ हजार रुपैयाँको बजेट ल्याएकोमा पहिलो ४ महिनामा ७ अर्ब ११ करोड ६१ लाख ३ हजार ७ सय ६३ रुपैयाँ मात्रै खर्च भएको हो ।

प्रदेश लेखा नियन्त्रक कार्यालयले दिएको जानकारी अनुसार प्रदेश सरकारले पहिलो ४ महिनामा १४ दशमलव १४ प्रतिशत चालु खर्च गरेको छ । २७ अर्ब ३० करोड ९५ लाख ४९ हजार ६६ रुपैयाँ चालूतर्फको बजेट रहेकोमा हालसम्म ३ अर्ब ८६ करोड २२ लाख २६ हजार ४ सय ९ रुपैयाँ खर्च भएको हो ।

त्यस्तैगरी पूँजीगततर्फ ४१ अर्ब ६२ करोड ९७ लाख ४१ हजार नौं सय ३४ रुपैयाँ रहेकोमा हालसम्म ६ दशमलव ३७ प्रतिशत अर्थात २ अर्ब ६५ करोड ३८ लाख ७७ हजार ३ सय ५३ रुपैयाँ खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयको लेखा अधिकृत होमनाथ रिजालले जानकारी दिए ।

रिजालको अनुसार प्रदेश सरकारले पहिलो चौमासिकमा सबैभन्दा वित्तीय खर्च गरेको छ । वित्तीय बजेटतर्फ २ अर्ब बजेट विनियोजन गरेको सरकारले हालसम्म ३० प्रतिशत अर्थात ६० करोड रुपैयाँ खर्च गरेको रिजालले बताए । रिजालको अनुसार सरकारले गत वर्षको यहि अवधिको तुलनामा यो आर्थिक वर्षमा बजेट खर्च बढाएको

छ । गत आर्थिक वर्ष २०७८/०७९ मा को पहिलो चौमासिकमा प्रदेश सरकारले चालुतर्फ १० दशमलव ०५ प्रतिशत, पूँजीगततर्फ ४ दशमलव ८५ प्रतिशत र वित्तीयतर्फ २० प्रतिशत मात्रै खर्च भएको थियो ।

बागमती प्रदेशको १४ वटा मन्त्रालयमध्ये पहिलो चौमासिकमा सबैभन्दा बढि बजेट खर्च श्रम, रोजगार तथा यातायात मन्त्रालयले गरेको छ । ९४ करोड २४ लाख २५ हजार रुपैयाँ बजेट पाएको उक्त मन्त्रालयले ४ महिनाको अवधिमा कूल बजेटको १४ दशमलव ८१ प्रतिशत अर्थात १३ करोड ९५ लाख ९० हजार ७ सय ७ रुपैयाँ खर्च गरेको हो ।

दोस्रो नम्बरमा वन तथा वातावरण मन्त्रालयले सबैभन्दा बढि बजेट खर्च गरेको छ । उक्त मन्त्रालयले चालु आर्थिक वर्षको लागि ३ अर्ब २३ करोड ९९ लाख ३८ हजार बजेट पाएकोमा ३८ करोड ३६ लाख ९५ हजार ५ सय ३० रुपैयाँ खर्च गरेको छ । जुन मन्त्रालयले पाएको कूल बजेटको ११ दमशलव ८४ प्रतिशत हो ।

सामाजिक विकास मन्त्रालयले पहिलो चौमासिकमा आफूले पाएको बजेटबाट ११ दशमलव ७७ प्रतिशत बजेट खर्च गरेको छ । ३ अर्ब ५२ करोड ८५ लाख १८ हजार कूल बजेट पाएको यो मन्त्रालयले हालसम्म ४१ करोड ५१ लाख ८२ हजार ५ सय ८९ रुपैयाँ खर्च गरेको छ ।

४ अर्ब ३९ करोड २३ लाख ८५ हजार रुपैयाँ बजेट पाएको स्वास्थ्य मन्त्रालयले हालसम्म आफ्नो कूल बजेटको १० दशमलव ३१ प्रतिशत अर्थात ४५ करोड २८ लाख १४ हजार ८ सय २२ रुपैयाँ खर्च गर्न सकेको छ । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले पहिलो चौमासिकमा ९ दशमलव ६७ प्रतिशत बजेट खर्च गरेको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

कार्यालयको अनुसार उक्त मन्त्रालयले १५ करोड ८७ लाख ४५ हजार रुपैयाँ बजेट चालु आर्थिक वर्षको लागि पाएकोमा १ करोड ५३ लाख ५७ हजार १ सय ३९ रुपैयाँ खर्च गरेको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले ६५ करोड १६ लाख ४३ हजार रुपैयाँ बजेट पाएकोमा ४ महिनाको अवधिमा ५ करोड ३७ लाख ६२ हजार ५१ रुपैयाँ खर्च गरेको छ । जुन उसको कूल बजेटको ८ दशमलव २५ प्रतिशत हो । ९ अर्ब २१ करोड ९९ लाख २३ हजार रुपैयाँ कूल बजेट पाएको खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालयले पहिलो चौमासिकमा बजेटको ७ दशमलव ७९ प्रतिशत अर्थात ७१ करोड ७९ लाख ३ हजार ३५ रुपैयाँ मात्रै खर्च गर्न सकेको छ ।

कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले चालू आर्थिक वर्षको लागि ४ अर्ब १८ करोड ३० लाख २८ हजार रुपैयाँ बजेट पाएकोमा ४ महिनाको अवधिमा ३० करोड १८ लाख ६८ हजार ६ सय ९० रुपैयाँ खर्च गरेको छ । जुन उक्त मन्त्रालयको कूल बजेटको ७ दशमलव २२ प्रतिशत हुन आउछ । बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले चालू आर्थिक वर्षको पहिलो चौमासिकमा आफ्नो कूल बजेटको ८ दशमलव ९७ प्रतिशत बजेट खर्च गरेको छ । सो कार्यालयले यो आर्थिक वर्षको लागि ६२ करोड ७९ लाख ६८ हजार रुपैयाँ बजेट पाएको थियो । जसबाट हालसम्म ५ करोड ६३ लाख ३१ हजार २ सय ५६ रुपैयाँ खर्च भएको छ ।

त्यस्तैगरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले चालु आर्थिक वर्षमा सर कारबाट २४ करोड ३७ लाख ६७ हजार रुपैयाँ बजेट पाएकोमा हालसम्म ९ दशमलव ८७ प्रतिशत बजेट खर्च गरेको छ । जुन कूल बजेटको २ करोड ४० लाख ६५ हजार १ सय ७३ रुपैयाँ हो ।

युवा तथा खेलकुद मन्त्रालयले हालसम्म आफ्नो मन्त्रालयको कूल बजेटको ८ दशमलव ९४ प्रतिशत मात्रै बजेट खर्च गरेको छ । १ अर्ब २२ करोड ६५ लाख ८८ हजार रुपैयाँ बजेट पाएको उक्त मन्त्रालयले ४ महिनाको अवधिमा १० करोड ९६ लाख ४२ हजार ५ सय ३२ रुपैयाँ खर्च गर्न सकेको छ । सबैभन्दा धेरै बजेट पाएको भौतिक पूर्वाधार विकास मन्त्रालयले हालसम्म कूल बजेटको ६ दशमलव ३१ प्रतिशत मात्रै बजेट खर्च गरेको छ ।

२३ अर्ब ५६ करोड ८५ लाख ७८ हजार रुपैयाँ कूल बजेट पाएको सो मन्त्रालयले पहिलो चौमासिकमा १ अर्ब ४८ करोड ६० लाख ३२ हजार १ सय १३ रुपैयाँ खर्च गरेको हो । सस्कृति तथा पर्यटन मन्त्रालयले १ अर्ब ७६ करोड ९८ लाख ७१ हजार २० रुपैयाँ बजेट पाएकोमा ८ करोड १० लाख ६८ हजार ८ सय ७७ रुपैयाँ अर्थात ४ दशमलव ५८ प्रतिशत बजेट खर्च गरेको छ ।

सबैभन्दा कम बजेट खर्च गरेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको खर्च प्रतिशत २ दशमलव ७५ रहेको छ । ८२ करोड ३ लाख ३४ हजार रुपैयाँ बजेट पाएको उक्त मन्त्रालयले हालसम्म २ करोड २५ लाख ४९ हजार १ सय ६९ रुपैयाँ खर्च गरेको छ ।

महोत्सव हेटौंडाको टिसिएनमा गरिने, तयारी थालियो

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/कोरोना महामारीलगायतका कारण हेटौंडामा विगतका विर्षबाट रोकिएको जिल्लाकै ठूलो औद्योगिक तथा व्यापारिक महोत्सवको तयारी अगाडि बढेको छ ।

मकवानपुर उद्योग वाणिज्य संघले गर्दै आइरहेको आद्योगिक तथा व्यापारिक महोत्सव आगामी माघ महिनामा गरिने योजनाअन्तर्गत् तयारी थालिएको छ । यसअघि ५ माघ गतेदेखि महोत्सव गर्ने भनिएपनि हाल मिति हेरफेर हुन सक्ने संघका अध्यक्ष कृष्ण गुप्ता अग्रवालले जानकारी दिए ।

'महोत्सवको तयारीमा हामी तीव्र तयारीमा जुटेका छौं । तर मिति हेरफेर हुन सक्ने भएको छ । ५ गते भनेपनि हप्ता दिन यताउता हुन सक्छ,' उनले भने । संघले महोत्सव हेटौंडा-१०, स्थित हेटौंडा सामुदायिक अँछा अस्पतालको पछाडितर्फ रहेको टिसिएन क्षेत्रमा गर्ने तय गरेको छ ।

यसअघि संघलाई मेला गर्नेबारे स्थान बारे आन्यौलता थियो । टिसिएन क्षेत्र की राप्ति तटमध्ये एउटा क्षेत्रमा महोत्सव गर्ने बारे संघले निर्णय गरिसकेको थिएन् । टिसिएनको क्षेत्रमा सरसफाई गर्ने काम सुरु भइसकेको अध्यक्ष अग्रवालले जानकारी दिए । उनले टिसिएन क्षेत्रमा महोत्सव गर्ने बारे हेटौंडा उपमहानगरपालिका र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग सहमति भएको बताए ।

यसअधि हेटौंडा उपमहानगरपालिका-५, स्थित क्याम्पाडाँडा चौरमा २०७५ सालमा महोत्सव भएपछि रोकिएको थियो । हाल क्याम्पाडाँडामा रंगशाला निर्माण भएकाले महोत्सव गर्न नसकिने भएकाले संघले टिसिएनको क्षेत्र रोजेको हो । यसअधि एउटा महोत्सव टिसिएन क्षेत्रमा भइसकेको छ ।

जिल्लाको सांस्कृतिक विविधताको संरक्षण गरी समग्र आर्थिक, सामाजिक विकासका लागि पर्यटन, कृषि, घरेलु उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, क्षेत्रको विकास तथा सॉस्कृतिक जागरण र पर्यटन क्षेत्रको प्रवर्द्धनमा टेवा पुऱ्याउने उदेश्यका साथ मेला आयोजना हुन लागेको अग्रवालले बताए ।

महोत्सवका लागि हेटौंडा उपमहानगर, जिल्ला प्रशासन कार्यालय मकवानपुर, बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्बाट सिफारिस लिने काम भएको अध्यक्ष अग्रवाल बताउँछन् । जिल्लामा मेला/महोत्सवको मौसम सुरु भएको छ । यसअधि थाहा नगरपालिकाको कुन्छालमा कृषि तथा सांस्कृतिक मेला भइसकेको छ भने भीमफेदी गाउँपालिका-१ माबिहीवारबाट मेला सुरु भएको छ ।

मनहरीमा ४८ जना मोतियाबिन्दुका बिरामी

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ मनहरी गाउँपालिकामा बिहीवार भएको आँखा शिविरबाट ४८ जनामा मोतियाबिन्दु भएको फेला परेको छ ।

आँख शिविरमा २ सय जनाले आँखाको परिक्षण गरेका थिए भने ४८ जनामा मोतियाबिन्दु देखिएको जनाइएको छ । हेटौंडा सामुदायिक आँखा अस्पतालको आयोजनामा भएको आँखा शिविरमा नेपाल रेडक्रस सोसाइटी उपशाखा मनहरी र मनहरी सामुदायिक आँखा अस्पताल मनहरीको सहकार्यमा कार्यक्रम भएको हो । मोतियाबिन्दुका समस्या देखिएकाहरूलाई शुक्रबार हेटौंडा सामुदायिक आँखा अस्पतालमा निःशुल्क रुपमा शल्यक्रिया गरिने जनाइएको छ । आँखा अस्पतालले जिल्लाका हरेक गाउँमा पुगेर आँखा शिविर गर्दै आइरहेको छ । सेवामूलक उपचारमा पनि सक्रिय अस्पतालले बाहिरी जिल्लामा पनि शिविर गर्दै आइरहेको छ । तराईका सर्लाहीदेखि बारा, पर्सा, रौतहटका बिरामीसमेत आँखा उपचारका लागि हेटौंडा आउने गरेका छन् । आँखा जस्तो संवेनदशील अंगको उपचारमा बिरामीहरुले हेटौंडा सामुदायिक अस्पतालाई धेरै विश्वास गर्ने गरेको पाइएको छ ।

एकसय वर्षका वृद्धको जोर्नीको सफल शल्यक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ पछिल्लो समय स्वास्थ्य उपचारमा उल्लेख्य प्रगति गर्दै आइरहेको हेटौंडा अस्पतालमा एकसय वर्षका एक वृद्धको जोर्नी सम्बन्धी सफल शल्यक्रिया भएको छ ।

हेटौंडा अस्पतालका डा. रविराज देवकोटा, डा. आशुतोस दास र डा.कृष्ण कंडेलसहितको १२ जनाको चिकित्सक टोलीले प्रोक्सिमल फेमोरल नेल(पीएफ) नेल राखेर दायाँतर्फको हिप जोर्नीको शल्यक्रिया गरिएको हो ।

जितपुरसिमरा उपमहा नगरपालिका-१४ घर भएका १ सय वर्षीय बालकृष्ण जम्मकट्टेलको हिमीआर्थोप्लाष्टी अर्थात हिपको जोर्नीको शल्यक्रिया सफल भएको अस्पताललेे जनाएको छ ।

चिकित्सक देवकोटाले एकसय वर्षको वृद्धको सफल शल्यक्रिया गरिएको जानकारी दिए । वृद्ध अवस्था भएका मासिनमा यस किसिमको शल्यक्रिया कमै हुने गरेको उनले बताए ।

व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर: ९८४५०२७०६४/९८५५०६८०३८

खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

यात्रु महानुभावहरूलाई खुसीको खबर !

यही २०७९ पौष १ देखि

- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौंसम्म दैनिक दिवा सेवा बिहान ६ बजे र ७ बजे
- कलंकी बसपार्क काठमाडौंबाट १ बजे र २ बजे दिउँसो लगानखेल ठिंगन हुँदै हेटौंडा सम्म

सम्पर्क:
९८५५०६७६५५, ९८५५०७१६२५, ९८५५०७०५६०

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

दुर्व्यसन नियन्त्रणमा चासो दिऔं

तराईबाट हेटौंडा बजार प्रवेश गर्ने मुख्य नाका मकवानपुर जिल्लाको रातोमाटे चेकपोष्ट र बसपार्क क्षेत्रबाट धेरैजसो लागूपदार्थसहित ओसारपसारमा संलग्न व्यक्तिहरु पक्राउ पर्ने गरेका छन् । गाँजा, अफिम र चरेसजस्ता केही लागूपदार्थको उत्पादन देशभित्रै हुने गरेको भएपनि अन्य लागूपदार्थ विदेशबाट भित्रिने गरेको छ । विशेषगरी नेपाल-भारतबीच रहेको खुला सीमा लागूपदार्थ ओसारपसारका लागि सहयोगी बनिरहेको छ । विश्वकै दुई ठूला अर्थतन्त्र र अत्यधिक जनसंख्या भएको देशको सीमा जोडिएका कारण नेपाल लागूपदार्थ ओसारपसारको ट्रान्जिट बन्ने गरेको छ ।

यसले हेटौंडा भएर लागूपदार्थ ओसारपसार हुने गरेको प्रष्ट हुन्छ । जसले गर्दा लागूऔषध नियन्त्रणमा प्रहरी सक्रियता अझ बढाउनु आवश्यक देखिएको छ । लागूऔषध नियन्त्रणका लागि प्रहरीमात्र सक्रिय भएर पनि हुँदैन । यसका लागि सामूहिक प्रयास आवश्यक पर्दछ । लागूपदार्थ उत्पादन, ओसारपसार, बिक्री वितरण र सेवन सबै चरणमा नियन्त्रण आवश्यक छ, जसका लागि स्थानीय, प्रदेश र संघीय सरकार र सुरक्षा संयन्त्र, राष्ट्रसेवक, नागरिक समाज, राजनीतिक नेतृत्व सबैको सामूहिक प्रयास हुनुपर्छ । लागूऔषधको समस्यालाई निकै जटिल मान्दै रोकथामका लागि अन्तर्राष्ट्रिय जगतमा नेपालले पनि प्रतिबद्धता जाहेर गर्दै आएको छ । तर, दिनहुँ लागूऔषधसहित पक्राउ परेको समाचारले सरकारको प्रतिबद्धता निरर्थक देखिएको छ भने नेपाल र नेपालीलाई लज्जित बनाइरहेको छ । नेपालबाट गाँजा, चरेस भारत जाने र भारतबाट सेतो, खैरो हेरोइनका साथै त्यहाँ औषधिको मापदण्डमा परेका तर, नेपालमा लागूऔषध दुव्यर्सनीहरुले प्रयोग गर्ने नुर्फिन, डाइजेपाम, लुप्रिजेसिक, फेनारगन, कोरेक्सजस्ता सुई र सिरप अत्यधिक मात्रामा भित्रिने गरेको छ ।

लागूपदार्थ र यसबाट हुने दुर्व्यसनीको समस्या एउटा देशको मात्र होइन । सबै देशका व्यक्तिहरु लागूपदार्थ दुर्व्यसनको शिकार बन्ने गरेका छन् । लागूपदार्थ दुर्व्यसनको शिकार जो पनि हुन सक्छ । युवा पिँढीमा दुर्व्यसनको शिकार हुने सम्भावना बढी देखिन्छ । नयाँ कुरा गर्ने, सिक्ने, अनुभव लिने चाहना र साथी संगतको लहलहैमा लाग्ने स्वभावका कारण किशोर तथा युवाअवस्थाका व्यक्तिहरु बढीजसो दुर्व्यसनको शिकार बनेका छन् । वीरगञ्ज र आसपासका नाकाबाट बारा, पर्सा, मकवानपुर, धादिङ जिल्लाहरुमा खेती हुने गाँजा तथा अफिम निकासी र भारतबाट लागूऔषध पैठारी बढी हुने गर्दछ । यसको नियन्त्रणका लागि समयसमयमा दुबै देशका सीमा क्षेत्रका सुरक्षा अधिकारीहरुले केही चासो देखाउने गरेको भएपनि कार्यान्वयनमा इमान्दार नबन्दा लागूऔषध नियन्त्रण हुन सकेको छैन ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५१९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५१८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५४९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५४०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७१९, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३१९
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७५२६५८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बाहण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लाग‍ि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ पुस २ गते शनिबार १७ डिसेम्बर २०२२ । नवमी पौष कृष्णपक्ष । थिंलागा ११४३ ने.सं. । सूर्योदय ६:४९, सूर्यास्त ५:१० ।

आजको राशिफल

मेष	: शत्रु वृद्धि	तुला	: साझेदारीकार्यमा सफलता
वृष	: भाग्यबाट सन्तोष	वृश्चिक	: वैदेशिक कार्यमा अवरोध
मिथुन	: ऋणभार बढनाले खिन्नता	धनु	: सम्पत्तिबाट लाभ
कर्कट	: अनावश्यक झंझट	मकर	: मांगलिक कार्यमा मन
सिंह	: गृहकलहमा वृद्धि	कुम्भ	: मानसम्मानमा वृद्धि
कन्या	: आफन्तमा मनोमालिन्य	मीन	: आर्थिक हानि

सडक सवारी : मृत्युको एम्बुस

✍ सञ्जीव कार्की

मङ्सिर २६ गते जाजरकोटमा जिप दुर्घटनामा ११ जना र मङ्सिर २७ गते काभ्रेको बेथानचोकमा बस दुर्घटनामा १८ जनाको ज्यान गएको छ । सोही दुर्घटनामा थुप्रै घाइते भएका छन् । हालैको यस घटनाले सडक सवारी कति जोखिमपूर्ण छ भन्ने थाहा हुन्छ । यस्ता समाचार हामी वर्ष दिनभर सुन्छौं । झन् चाडपर्व दसैं, तिहार र चुनावी समयमा अत्यधिक दुर्घटना हुने गरेको रेकर्ड छ ।

आम मान्यताअनुसार, कुनै सवारी साधनले अर्को वा सडकमा रहेका अन्य सजीव वा निर्जीव बस्तुलाई ठक्कर दिन्छ र त्यसबाट क्षति, घाइते तथा मृत्यु हुने तीन वटा अवस्थामध्ये कुनै एक वा बढी अवस्था सिर्जना हुन्छ भने त्यसलाई सवारी दुर्घटना भनिन्छ । नेपाली बृहत्शब्दकोशका अनुसार 'कुनै व्यक्ति वा वस्तुको हानी वा क्षति हुने आकस्मिक घटना अर्थात् अपर्झट आइपरेको कष्टपूर्ण अशुभ घटना दुर्घटना हो । काबु बाहिरको घटना कल्पनाभन्दा दूरको अथवा नसोचेको घटना दुर्घटना हो ।'

दुर्घटना आकस्मिक भवितव्य हो । सवारी दुर्घटना हुनका अनेक कारणहरू छन् । सडक सवारी दुर्घटना मानवीय, यान्त्रिक, वातावरणीय, सडकको खराब अवस्थाको कारण लगायतले हुने गरेको छ । हाम्रो जस्तो भौगोलिक विकटता भएको मुलुकमा अन्यत्र भन्दा बढी दुर्घटना हुने गरेको छ । सडक अनुशासन पालनामा चालक र यात्रुको लापरवाही पनि दुर्घटना बढ्नुको अर्को कारण हो ।

सडक सवारीका मुख्य चुनौती

स्तरहीन सडक, न्यूनतम अनुगमन बिना नै सवारी सञ्चालनमा अनुमति दिने प्राविधिक । एस्काभेटरले जबरजस्ती प्राविधिक अध्ययन, विश्लेषण र नाप नक्सा बिनै बनेका साँघुरा बाटाहरू । सडक सवारीमा क्षमता र अवस्थै नहेरी सवारी गुडाउन दिने यातायात व्यवस्था विभाग । योग्यतै नपुगेकाहरूलाई लेनदेन आर्थिक प्रलोभनमा लाइसेन्स दिने प्रवृत्ति । समयसीमा नाघेका थोत्रा गाडी । क्षमताभन्दा अत्यधिक धेरै मान्छे चढाउने र आवश्यकताको कारण कोचिएरै भए पनि गाडी नचढी नहुने आम प्रवृत्ति दुर्घटना बढ्नुको मुख्य कारण हुन् ।

त्यस्तै, स्तरहीन सडकमा अपहत्ते गरेर गाडी गुड्याउन चाहने सञ्चालक र यात्रुहरू । यातायात सिन्डिकेट, प्राविधिक अडिट नभएको सडक, आपसमा प्रतिस्पर्धा गरेर आँखा चिम्लेर बेगवान गाडी कुदाएर यात्रु तान्ने होड । लामो रुटको यात्रामा पनि एकजना मात्रै चालकले काम चलाउने व्यवस्थापन । सडकलाई आर्थिक उपार्जनको माध्यम बनाउने ट्राफिक प्रहरी । घुम्ती र मोडमा ट्राफिक सङ्केत र सूचनाको अभाव । बाक्लो हुस्सु, कुहिरो, बर्षात, हिउँ, बाढी, पहिरोलगायत थुप्रै मानवीय, यान्त्रिक, प्राविधिक, वातावरणीय, भौगोलिक कारणले दुर्घटना भएको कुरा विभिन्न अध्ययन र अनुसन्धानले पुष्टि गरेका छन् । कहिलेकाही दुर्घटनाको कारण तत्क्षण अज्ञात पनि हुन सक्छ । यद्यपि हामी लापरवाहीपूर्वक सवारीसाधन चलाइर हेका हुन्छौं । लापरबाहीले दुर्घटना अवश्यम्भावी छ । यहाँ लापरबाही भन्नाले जुन जुन कुरा सवारी सञ्चालनको लागि वर्जित र कानुनको बर्खिलाप हुन्छ, त्यो सबै हो । स्तरहीन सडक, गलत नीति बनाउनेदेखि यान्त्रिक गडबड भएको सवारी साधन, नक्कली लाइसेन्सधारी ड्राइभरदेखि, रकम असुलेर चालकलाई उन्मुक्ति दिने कर्मचारी यी सबै लापरबाहीका कारक हुन् ।

सडक अनुशासन नै सबै समस्याको निराकरण हो । सडक अनुशासनमा जे जे पालना गर्नुपर्ने हो, त्यो पालन गर्न सकियो भने दुर्घटनाको सम्भावना अत्यन्त न्यून रहन्छ । धेरैजसो दुर्घटना राज्यको नियमन निकाय, नियमन पद्धति र नियामक कर्मचारीको कारण भएको छ । त्यसैले, सडक दुर्घटना राज्य संरक्षित हत्या र कत्लेआम हो भन्दा फरक पर्दैन । जबाफदेही नभएको राज्यमा सार्वजनिक यातातातको दुर्घटना राज्यले प्रश्रय दिएको अपराध बनेको छ । स्तरहीन सडक निर्माण गर्ने र जस्तो पनि सडकमा जस्तोसुकै कन्डिसनको गाडी अनि जोसुकैलाई ड्राइभिङ लाइसेन्स दिनु राज्यले मानव हत्यालाई उत्प्रेरित गरेकै देखिन्छ । सडक यात्रा मृत्युको आठौं कारणको रूपमा विश्वमा परिचित छ । मङ्सिर अन्तिम साताका अत्यन्त कहालीलाग्दा दुर्घटना हेर्दा जो सुकैको मन पनि सडक सवारी सम्भिदा भसङ्ग हुन्छ, आङ्ग फुलेर आउँछ । हाम्रा सडकहरू मृत्युका धराप अर्थात् एम्बुस थापेकैं लाग्छन् ।

ट्राफिक व्यवस्थापन महाशाखाका अनुसार पछिल्लो १० वर्ष २०६८/२०६९ देखि २०७७/२०७८ को अवधिमा नेपालमा सडक दुर्घटनामा परी २१,४७४ जनाले ज्यान गुमाएका छन् । सडक दुर्घटनाका तथ्याङ्कको विश्लेषण गर्दा युद्ध, महामारी, प्राकृतिक प्रकोपभन्दा धेरै मानवीय क्षति सडक दुर्घटनाको कारण भएको छ । अतः यस्ता दुर्घटना र क्षति न्यूनीकरण गर्न राज्यको उदासीनता र मौनता किन ?

सामान्य हवाई दुर्घटनामा संवेदनशील हुने राज्य आफ्नो नागरिकको सबैभन्दा बढी पहुँच हुने सडक सवारीप्रति किन भेदभावपूर्ण नजर राख्छ ? ज्यान एकै तर हवाई दुर्घटना र सडक दुर्घटनामा मृत्यु वरण गर्नेको सवालमा क्षतिपूर्ति रकममा पनि हवाईमार्ग र सडक मार्ग जत्तिकै फराकिलो अन्तर छ । आकाश जमिनकै भिन्नता यो सोचनीय र एकरूपता कायम गर्नुपर्ने अहम् सवाल हो । जिन्दगी उही तर क्षतिपूर्ति र कम फरक किन ?

दुर्घटना न्यूनीकरणका उपाय

ट्राफिक नियमको पूर्ण पालना नै सडक दुर्घटना कम गर्ने मानवीय कारण हुन् । ट्राफिक नियमबारे भरपुर जानकार चालक हुनु र नियमको परिधिभित्र बसेर सवारी चलाउँदा सवारी दुर्घटनाको जोखिम अत्यतै न्यून गर्न सकिन्छ । धेरै मान्छेको ज्यान बोकेर हिँड्ने चालकमा आफ्नो दायित्व र जिम्मेवारी धेरै र गुरुत्वपूर्ण छ भन्ने सचेतना भयो भने सवारी यात्रा सहज र भरपर्दो हुन्छ । एक चालक शारीरिक र मानसिक रूपमा स्वस्थ छ भने मात्र उसले चलाउने सवारी पनि दुरुस्त राख्न सक्छ । धेरै अध्ययन र अनुसन्धानले देखाएको तथ्य के हो भने चालक तनावरहित हुनुपर्छ, उसलाई तनावरहित बनाउने जिम्मा व्यवस्थापकको भए पनि तनाव दिने माध्यम ट्राफिकको व्यवहार, यात्रुहरूको व्यवहार पनि रहेको देखिन्छ ।

चालकले गल्ती गर्दा पनि उसलाई दण्ड दिने महसुस गराएर हो, धर्काएर, बेइज्जत गराएर होइन । चालक सधैं तनावरहित, नशालु पदार्थ, अनिद्रा भोक र डररहित अवस्थामा रहनु जरुरी छ । चालकको दिमागमा सुरक्षित यात्रा र ट्राफिक नियमको पालना हरहमेसा गर्ने बानीको विकास गराउनु पर्छ । चालक प्राविधिक रूपमा मात्र हैन, आचरणमा पनि अब्बल हुनु अनिवार्य छ । गाडी चलाउने ड्राइभर त हो नि भनेर जो जसलाई पनि लाइसेन्स दिने कुरामा विचार गर्नुपर्ने छ । ड्राइभर पेसालाई व्यवस्थित, मर्यादित र अनुशासित बनाउन आचरणको व्यवहारिक परीक्षा पनि पास गर्नुपर्ने अनि सधैं नियमन गर्न सरकारी संयन्त्र पनि विकास गर्नुपर्छ । सामाजिक र मनोवैज्ञानिक काउन्सिलिङ पनि चालक र सहचालकको हकमा बारम्बार दिनु सामयिक हुन्छ ।

हाम्रा बाटाहरू, मृत्युका धराप , पासो या एम्बुस जस्तै छन्, यसको जिम्मेवारी सै कसले लिने ? भवितव्य टार्न नसकिएला तर कम गर ाउन सकिन्छ । मानवीय लापरबाही कम गरेर दुर्घटनालाई घटाउन चालक र राज्य सञ्चालकका विभिन्न निकायमा रहेर कार्य सम्पादन गर्नेको भूमिका ठुलो र महत्वपूर्ण रहन्छ । आम नागरि कको पनि भूमिका चासो र सक्रियता उत्तिकै र सधैं खोजी पर्ने विषय हो । सडक दुर्घटना हुँदा त्यसको जिम्मेवारी लिने उत्तरदायी बन्ने संस्थाको चेन अफ कमाण्ड हुनु पनि अत्यावश्यक हो । चालकले गर्ने लापरबाहीको जबाफ दिने निकाय, सम्बन्धित सडक विभाग जहाँ दुर्घटना हुन्छ, त्यो क्षेत्रको ट्राफिक, यातायात व्यवस्था विभाग, सम्बन्धित अधिकृत, सचिव र मन्त्री सम्मले जबाफदेही हुने अवस्था सिर्जना गर्नु वाञ्छनीय देखिन्छ । हालसम्मको अनुभवमा यातायातसँग सम्बन्धित विषयहरूको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन तथा यातायात क्षेत्रको समग्र व्यवस्थापन गर्ने कार्य त्यति प्रशंसनीय हुन सकेको छैन । सम्बद्ध विभिन्न तालुकदार निकायहरू बीचमा तलदेखि माथिसम्म उचित समन्वय हुन सकेको छैन । अधिकारप्राप्त मुख्य संस्थाको रूपमा रहेको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको यातायात व्यवस्था विभाग अझ सक्षम एवं स्रोत, साधनसम्पन्न हुन नसक्नुले संस्थागत कमी कमजोरीहरू प्रष्टै देखिएको यातायात सम्बद्ध अध्येताहरूको निष्कर्ष छ । यसतर्फ सरकारले बेलैमा सोच्नु र योजना तर्जुमा गरेर लागु गराएमा दुर्घटना कम गरी अनाहकमा मान्छे सडक सवारीमा मरिने क्रममा कमी आउँथ्यो ।

चालकको योग्यता

चालक पेसा आफैमा संवेदनशील र धेरै मान्छेको जीवन हत्केलामा बोकेर हिँड्ने धेरै गहन र महत्वपूर्ण पेसा हो । सबैभन्दा सम्मानित पेसा पनि हो तर हामी यो पेशालाई हेला होचो गर्छौं । कतिपय यो पेशासँग सम्बद्ध मान्छेले पनि यसको गरिमा गिराएका छन् । सधैं सम्मानपूर्वक राख्नुपर्ने र मानसिक शारीरिक भावनात्मक सबै किसिमले स्वस्थ मान्छेले गर्नुपर्ने पेसा हो सवारी चालक पेसा । सवारी चालक सधैं चनाखो, भद्र र शालीन हुनुपर्छ ।

चालक जहिल्यै स्वस्थ रहनु र सवारीसाधन पनि सही हालतमा राख्ने सीप भएको निडर र धैर्य अनेकन् गुण र सामर्थ्यले समृद्ध हुनुपर्छ । यसको अतिरिक्त कुनै पनि लागु पदार्थको दुर्वयसन नभएको र मादकपदार्थमा आशक्ति राख्ने हुनुहुँदैन । धेरै मान्छेको जीवन एकसाथ लिएर हिँड्ने चालकको धैर्य,संयम र सुझबूझमा सम्भावित दुर्घटना टार्ने ल्याकत हुन्छ । आँखाको ज्योतिसमेत स्पष्ट हुनुपर्दछ । विशेषतः सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को परिच्छेद ४ चालक अनुमतिपत्रसम्बन्धि व्यवस्थाको दफा ४७ बमोजिम हुनुपर्दछ । सवारी चलाउन जानेको छ भनेर सहचालकलाई सवारी चलाउन दिनु हुँदैन । नयाँ ठाउँमा पहिलोपटक गाडी लिएर जाँदा पनि त्यहाँको भूगोल, हवापानी सबै जानकारीमा लिनु पर्दछ । कोही यस्ता ठाउँ हुन्छन्, जहाँ पानी पर्ने, हुस्सु लाग्ने र पहिरो जाने सम्भावना जतिसुकै बेला रहन्छ । सडक सवारी दुर्घटनामा मानवीय कमजोरी धेरै भएको थुप्रै अनुसन्धानले देखाएकाले चालक संवेदनशील र धैर्यवान् हुनुपर्छ । दुबद पक्ष हवाई दुर्घटना हुँदा तुरुन्तै आयोग बनेर छानबिन हुन्छ तर सडक दुर्घटना मृत्युको एम्बुसमैं लाग्छ । सरकार नै खासै सरोकार राख्दैन । सरकार संवेदनशील बनोस्, हवाई मार्ग होस् या स्थल मार्ग, जताको यात्रा पनि जोखिमयुक्त हुनु भएन ।

(लेखक: त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा एमफिल-पीएचडी अनुसन्धाता छन्)

साभार: रातोपाटी

जलवायु परिवर्तन र जैविक विविधता

✍ उत्तमबाबु श्रेष्ठ

इजिप्टको शर्म अल-शेखमा दुई हप्ता चलेको संयुक्त राष्ट्रसंघीय जलवायु सम्मेलन (कोप-२७) को समापन मंसिर ३ मै भए पनि त्यहाँ गरिएको जलवायुजन्य क्षति र नोक्सानीको निर्णयले संसार अझै तरंगित छ । उक्त सम्मेलनमा धनी देशहरू आफूहरूबाट उत्सर्जित हरितगृह ग्यासका कारण जलवायु परिवर्तन भएको र त्यसको मारमा गरिब देशहरू परेको यथार्थलाई स्वीकार गरी जलवायुजन्य क्षति र नोक्सानी सम्बोधनका लागि छुट्टै कोष बनाएर पीडित देशहरूलाई सहयोग गर्न राजी भएका थिए ।

गरिब राष्ट्रहरुले एक दशकभन्दा बढी

समयदेखि उठाउँदै आएको यो मुद्दाको यथोचित सम्बोधन भएकाले जलवायु परिवर्तनको विश्ववार्ताहरूमा कोप-२७ लाई पेरिस सम्झौता गरिएको कोप-२१ पछिको ऐतिहासिक सम्मेलन भनिएको छ । तथापि उक्त क्षति र नोक्सानी कोष (लस एन्ड ड्यामेज फन्ड) को सञ्चालन विधि र त्यसमा पहुँचका थुप्रै सवालको विस्तृत विवरण तयार हुन बाँकी नै छ ।

अहिले विश्वले जलवायु परिवर्तनसँगै जैविक विविधता झस र वायु प्रदूषणको समस्यालाई एकैसाथ भोगिरहेको छ, जसलाई संयुक्त राष्ट्रसंघले तीन महाविपद् (ट्रिपल प्लानेटरी क्राइसिस) भनेको छ । यी तीन महासंकटले विश्वको अर्थतन्त्र, मानव प्रगति, जनस्वास्थ्यलाई नकारात्मक असर मात्रै पारेका छैनन, सम्पूर्ण मानव प्रजातिको अस्तित्वमाथि नै प्रश्नचिह्न खडा गर्न खोजेका छन् । विश्वमा उच्च रक्तचाप र धूमपानपछि मानवमृत्युको तेश्रो प्रमुख कारक वायु प्रदूषण रोक्न बाध्यकारी वैश्विक सम्झौता अझै भएको छैन तथापि जलवायु परिवर्तन र जैविक विविधता ह्रास रोक्न विश्वका सरकारहरूबीच तीस वर्षअघि नै दुई महासन्धि भएका थिए । सन् १९९२ मा ब्राजिलको रियो द जिनेरियोमा भएको पृथ्वी सम्मेलनका दुई उपलब्धिमध्येको एउटा हाँगो विश्व जलवायु महासन्धिका पक्षराष्ट्रहरू (यूएनएसीसीसी) को सम्मेलन (कोप-२७) जुन हालै इजिप्टमा सकियो ।

दोस्रो हाँगो, जैविक विविधता महासन्धिका पक्षराष्ट्रहरू (सीबीडी) को सम्मेलन (कोप-१५) जुन अहिले क्यानडाको मोन्ट्रियलमा जारी छ । कोभिडका कारण चार पटक सरेर हाल जारी उक्त सम्मेलनमा १९६ देशका प्रतिनिधि, जैविक विविधता विज्ञ र अभियन्ताहरूले भाग लिइरहेका छन् ।

जीवहरूको अस्तित्वमा अभूतपूर्व संकट

तीस वर्षअघि पृथ्वी सम्मेलनताका विश्वका सरकारहरूलाई जलवायु परिवर्तन र जैविक विविधता ह्रासको आसन्न संकटको थोरै अनुमान मात्रै थियो । तर यतिखेर जलवायु परिवर्तन र जैविक विविधता ह्रासको भीमकाय असरबारे भरपर्दो वैज्ञानिक ज्ञान उपलब्ध छ । जलवायु परिवर्तन सम्बन्धी ज्ञानको संश्लेषण जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी प्यानल (आईपीसीसी) ले गर्दछ भने जैविक विविधता सम्बन्धी ज्ञान संश्लेषणका लागि जैविक विविधता र वातावरणीय सेवा सम्बन्धी अन्तरदेशीय विज्ञान नीति संयन्त्र (आईपीबीईएस) बनाइएको छ । यी दुई अन्तरदेशीय निकायहरूले क्रमशः जलवायु परिवर्तन र जैविक विविधताका क्षेत्रमा वैश्विक नीति निर्माणका लागि आवश्यक ज्ञानको संश्लेषण गरेर महासन्धिका पक्षराष्ट्रहरूलाई विज्ञानमा आधारित नीति बनाउन सहयोग गर्दछन् । सन् २०१२ मा स्थापना भएयता आईपीबीईएसले जैविक विविधता र वातावरणीय सेवा सम्बन्धी एक विश्वस्तरीय, पाँच क्षेत्रीय र पाँच विधागत प्रतिवेदनहरू तयार पारिसकेको छ ।

तीमध्ये 'विश्व जैविक विविधता र वातावरणीय सेवा' र 'वन्य प्रजातिको दिगो उपयोग' गरी दुई प्रतिवेदनको लेखनमा यस पंक्तिकार पनि संलग्न थियो । यी सबै वैज्ञानिक प्रतिवेदनहरूको निष्कर्ष छ– पृथ्वीमा जीवहरूको अस्तित्वमा यतिखेर अभूतपूर्व संकट छ । विश्वका एकचौथाइ जीवहरू लोपोन्मुख अवस्थामा पुगेका छन् । सन् १९७० यता पृथ्वीका जंगली जनावरहरूको संख्यामा ७० प्रतिशतले गिरावट आएको छ । र, ठूलो मात्रामा उष्णप्रदेशीय वन, सिमसार, समुद्री कोरल क्षेत्रहरू नासिएका छन् । दुर्भाग्यवश, यी सबै विध्वंसको प्रमुख कारक मानिस बनिरहेको छ ।

जसरी मानवसृजित जलवायु परिवर्तनको संकट टार्न पृथ्वीको तापमान वृद्धिलाई २ डिग्री सेल्सियसमा सीमित राख्ने पेरिस सम्झौता भएको थियो, त्यसरी नै जैविक विविधता ह्रासको संकट टार्न त्यस्तै प्रकृतिको बाध्यकारी सम्झौताको अपेक्षा जारी कोप-१५ बाट गरिएको छ । कोप-१५ ले जैविक विविधता संरक्षणको दसवर्षे लक्ष्य-ढाँचा (पोस्ट-२०२० बायोडाइभर्सिटी फ्रेमवर्क) लाई अनुमोदन गर्नेछ । किनभने जापानको आइची पर्फेचरमा आयोजित कोप-१० ले अनुमोदन गरेको जैविक विविधता संरक्षणको दसवर्षे (सन् २०१०-२०) लक्ष्य (आइची बायोडाइभर्सिटी टार्गेट) समाप्त भएको पनि दुई वर्ष नाघेको छ र हाल जैविक विविधता संरक्षणका विश्वव्यापी लक्ष्यहरू छैनन् ।

थप, आइची टार्गेटका बीस लक्ष्यमध्ये एउटा पनि पूर्ण रूपमा निर्धारित समयमा पूरा भएन र पृथ्वीमा जैविक विविधता ह्रासको अवस्था झनै बिग्रँदै गयो । त्यसैले संसारलाई यतिखेर जैविक विविधता संरक्षणको नयाँ कागजी लक्ष्य मात्रै होइन, नपुगिनहुने ज्ञानको संश्लेषण र महत्त्वाकांक्षी गन्तव्य चाहिएको छ । सीबीडीले गत वर्ष सार्वजनिक गरेको मस्यौदा (ड्राफ्ट) प्रतिवेदन अनुसार, कोप-१५ मा छलफलका विषयहरूमा सन् २०३० सम्मम पृथ्वीको कुल भूभागको ३० प्रतिशत क्षेत्र संरक्षित बनाउने, जैविक विविधतालाई हानि पुऱ्याउने रासायनिक मल र विषादी प्रयोगमा दिइने उत्प्रेरणा (सब्सिडी) खारेज गर्ने, मिचाहा प्रजाति नियन्त्रण गर्ने र जैविक विविधताको उपयोगबाट हुने फाइदाको न्यायपूर्ण वितरण गर्ने लगायतका बाइस लक्ष्य छन् । र, तीमध्ये सबैभन्दा पेचिलो मुद्दा जैविक विविधता संरक्षणका लागि आवश्यक पर्ने रकम (सन् २०३० सम्म प्रतिवर्ष १०० अर्ब डलर) जुटाउने बनेको छ, जुन कुरामा धनी र गरिब देशहरूबीच जलवायु परिवर्तनजन्य क्षति र नोक्सानीजस्तै विवाद छ ।

धनी र गरिब देशबीचको खाडल

जलवायु परिवर्तनको विश्वराजनीतिमा जस्तै जैविक विविधता ह्रासको मुद्दामा पनि विश्वका धनी र गरिब देशहरू दुई ध्रुवमा बाँडिएका छन् । जसरी धनी र गरिब देशबीच जलवायु परिवर्तनको कारक र प्रभावको असमान वितरण छ, त्यस्तो खाडल जैविक विविधतामा पनि छ । जैविक विविधताको विश्वव्यापी वितरण आर्थिक रूपमा सम्पन्न राष्ट्रहरूमा कम र विपन्न राष्ट्रहरूमा धेरै छ । पृथ्वीको कुल क्षेत्रको २.५ प्रतिशत भूभाग ओगटेका ३६ स्थानले विश्वको जैविक विविधताको ६० प्रतिशत हिस्सा लिन्छन् ।

जैविकीय उच्च घनत्वको क्षेत्र (बायोडाइभर्सिटी हटस्पट) भनिने ती भूभाग अधिकांश गरिब देशमा पर्छन् । देशको सीमा अनुसार ब्राजिल, इन्डोनेसिया, कोलम्बिया, चीन, पेरु, मेक्सिको, अस्ट्रेलिया, इक्वेडर, भारत र अमेरिका लगायतका १७ देश (मेगाडाइभर्स कन्ट्री) मा मात्रै पृथ्वीको ६०-८० प्रतिशत जैविक विविधता (पर्यावरण, प्रजाति र आनुवंशिक विविधता) थुप्रिएको छ । तर जैविक विविधता ह्रासको अनुपात गरिब देशहरूमा धेरै छ, जसको कारण धनी देशहरूको अत्यधिक उपभोगयुक्त जीवनशैली हो ।

उदाहरणका लागि, जैविक विविधताको खानी मानिने उष्णप्रदेशीय वन विनाशको प्रमुख कारक युरोप, अमेरिका लगायतका धनी र ाष्ट्रहरूले कृषिउपज (काकाओ, कफी, रबर, भटमास) र अन्य काष्ठजन्य पदार्थको ठूलो मात्रामा गर्ने आयात हो । त्यसकारण विश्वको जैविक विविधता जोगाउन धनी देशहरू बढी जिम्मेवार बन्नुपर्ने र उनीहरूले गरिब देशमा भइरहेको जैविक दोहनलाई रोक्न सघाउनुपर्ने माग गरिब देशहरूको छ ।

जैविक विविधता जोगाउनुपर्नाका कारण

विश्वभर करिब ८७ लाख प्रजातिका जीवहरू पाइने अनुमान छ । सबै जीव किन चाहिए, मान्छेलाई चाहिने मात्रै जोगाए भइहाल्यो भन्ने एक थरी चिन्तन पनि छ । तर मान्छेलाई कतिखेर कुन चाहिने र कुन नचाहिने भन्नेमा धेरै कुरा अज्ञात नै छ भन्दा पनि फरक पर्दैन । विज्ञान-प्रविधिको यति विघ्न विकास भएको समयमा समेत पृथ्वीमा भएका जीवहरूको संख्या यकिन हुन सकेको छैन भने सबैको प्रयोग जान्नु त धेरै परको कुरा । अहिलेसम्मको वैज्ञानिक तथ्यहरूले के भन्छन् भने, पारिस्थितिकीय प्रणालीमा एउटा प्रजाति नहुँदा त्यसको असर अकल्पनीय हुन सक्छ । उदाहरणका लागि, दक्षिण अमेरिकी मुलुकहरूमा बढ्दो मलेरियाको प्रकोपको कारक मलेरिया लगाउने लामखुट्टेलाई खाने भ्यागुताहरूको विनाशलाई मानिन्छ । थप, जैविक विविधता कम भएको पारिस्थितिकीय प्रणालीको प्रबलन क्षमता (रेजिलियन्स) कमजोर हुन्छ । त्यसका साथै जैविक विविधताले अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्दछ । मानिसले प्रयोग गर्ने स्वच्छ हावा, शुद्ध पानी र खानादेखि औषधिसम्म सबैको स्रोत प्रकृति र त्यहाँको विविधता नै हो । त्यसैले जैविक विविधता जोगाउनु भनेको विश्वको अर्थतन्त्रलाई सबल बनाइराख्नु मात्रै होइन, मानवजातिको अस्तित्वर क्षाका साथै भविष्यमा आइपर्ने संकटसँग जुझ्न सक्नु पनि हो ।

प्राकृतिक वन, माटो, समुद्रले जीवहरूका लागि वासस्थान मात्रै उपलब्ध गराउँदैनन्, जलवायु परिवर्तनको मुख्य कारक कार्बनलाई वायुमण्डलबाट सोस्ने पनि गर्दछन् । वायुमण्डलको कार्बन सोस्ने यस्ता 'सिंक' अस्वस्थ हुँदा जलवायु संकट झनै गहिरिन्छ । त्यसकारण प्राकृतिक वासस्थानको रक्षा र जैविक विविधताको संरक्षण जलवायु संकटबाट बच्ने सर्वसुलभ र अत्यावश्यक उपाय हो ।

(साभार: ई-कान्तिपुर)

के साँच्चिकै अर्जेन्टिनीहरु नेपालीलाई घृणा गर्छन् ?

काठमाडौं/जब जब विश्वकप फुटबलको पारो तात्दै जान्छ, तब तब नेपालीहरुमाझ जोडदार रुपमा फैलिन्छन् सन् १९८२ मा दुई महिनासम्म चलेको फकल्यान्ड युद्धपछिका अनेक भ्रम ।

सन् २०१४ मा अर्जेन्टिनाले विश्वकपको फाइनल यात्रा तय गर्दा होस् या यस पटक पनि त्यही इतिहास दोहोऱ्याउँदा फकल्यान्ड युद्धलाई जोडेर भ्रम छर्ने क्रम उस्तै छ ।

सामाजिक सञ्जालमा आएका अनेक भ्रमपूर्ण सामाग्री अहिले भाइरल भइरहेका छन् । विश्वलाई एकै मञ्चमा ल्याउन सक्ने दुई कुरा हुन् खेल र संगीत । खेलतर्फ सबैभन्दा लोकप्रियमध्ये पर्छ फुटबल । फुटबलमा पनि विश्वकपको महाकुम्भ अहिले कतारमा चलिरहेको छ । कतारमा जारी विश्वकपमा अर्जेन्टिनाले लियोनेल मेस्सीको प्रेरणामा उपाधि यात्रा तय गरिरहँदा नेपालमा भ्रमका अनेक किस्सा भाइरल भइरहेका छन् । विश्वकप फुटबलमा नेपालमा सबैभन्दा धेरै फ्यान अर्जेन्टिनाकै छन् । जसमा पनि मेस्सीको जादुयी खेलका प्रशंसकको संख्या लाखौं छ ।

मेस्सीकै प्रेरणामा अर्जेन्टिनाले यो पटक क्रोएसियालाई ३-० ले हराउँदै उपाधि यात्रा तय गरिसकेको छ । यस्तोमा अर्जेन्टिनाका नागरिकहरुले नेपाली नागरिकलाई मन पराउँदैन्, घृणा गर्छन् भनेर भ्रम छर्न थालिएको छ । हुँदा हुँदा नेपाली झण्डा जलाइएको फेक फोटो पनि अहिले सामाजिक सञ्जालमा भाइरल भइरहेको छ ।

ब्रिटिशसँग अर्जेन्टिना पराजित भएको फकल्यान्डको युद्ध पछाडि हरेक वर्ष नेपालको झण्डा जलाइन्छ, माटोमुनि गाडिन्छ भन्ने किस्सा आजको दिन पनि सुनिन्छ ।

के साँच्चिकै अर्जेन्टीहरु नेपाल र नेपालीलाई घृणा गर्छन् त ? आखिर नेपालले अर्जेन्टिना विरुद्ध त्यस्तो के गरेको थियो ? यसका लागि हामीले आज भन्दा के बिगारिदिएको थियो । यसको पृष्ठभूमिबारे थाहा पाउन आजभन्दा ४० वर्षपछाडि फर्किनुपर्छ ।

अर्जेन्टिनाबाट करिब १५ सय किलोमिटर र बेलायतबाट करिब १३ हजार किलोमिटरको दूरीमा अहिले पनि अवस्थित छ फकल्यान्डको टापु । जुन टापुमा ४० वर्षयता ब्रिटिशको कब्जा रहेको छ । उक्त टापु अर्जेन्टिना र ब्रिटेनमध्ये कसको भनेर कयौं वर्षदेखि विवाद चलेको थियो । त्यहाँ फ्रान्स र स्पेनले पनि दाबी गर्दै आएका थिए ।

यो टापुलाई सन् १७६४ मा सुरुमा फ्रान्सले कब्जा गरेको थियो । १७६५ मा यो टापु फेरि ब्रिटेनको कब्जामा गयो । तर फेरि ब्रिटेनलाई त्यहाँबाट लखेटेर उपनिवेश फैल्याइरहेको स्पेनले यो टापुमा कब्जा जमायो ।

त्यसपछि ब्रिटिशसाम्राज्य विस्तारको समयमा फेरि त्यहाँबाट स्पेन विस्थापित भयो । अर्कातिर

सन् २०१८ को रुसी विश्वकपमा नेपाली झन्डासहित अर्जेन्टिनाको समर्थनमा नेपाली फ्यानहरु ।

आफ्नो भूगोलबाट नजिकैको टापुमा विस्तारवादीहरुबीच पकडको होडबाजी चलिरहँदा अर्जेन्टिना चिढिन पुगेको थियो ।

आफ्नो भूगोलनजिकैको टापु भएर पनि अरु शक्ति राष्ट्रबीच कब्जाको होडबाजी चलिरहेका बेला अर्जेन्टिना सन् १९८२ अप्रिल २ मा आफ्ना सैनिक पठाएर त्यो टापु कब्जा गर्यो ।

त्यसबेला अर्जेन्टिनाको ठूलो सैन्य फौजसामु तत्काले केवल ८० जनाको संख्याका ब्रिटिश फौज हात उठाए । अनि उक्त टापु अर्जेन्टिनाको पक्षमा गयो । यो टापुलाई ब्रिटिशबाट खोसेर स्पेन र अर्जेन्टिनले दुई पटक कब्जा गरेका थियो । फकल्यान्डमा दुई पटकसम्म हार्न पुगेपछि ब्रिटेन क्रुद्ध भएको थियो । त्यसपछि उसले फेरि यो टापु कब्जाका लागि युद्धको तयारी थाल्यो ।

त्यसबेला ब्रिटेनले कब्जाको रणनीति बनाउँदै फकल्यान्डतर्फत ब्रिटिशसहित ६ सयजना गोर्खा सैनिक पठाइएको थियो । फकल्यान्ड टापु मौसमका हिसाबले चिसो ठाउँ हो । त्यो चिसो टापुमा ब्रिटिश सेनालाई युद्ध लड्न सजिलो थिएन । तर, त्यसबेला खुकुरीसमेत नचाउन सिपालु गोर्खा सैनिकहरुलाई त्यहाँ युद्ध लड्न गाह्रो भएन । उनीहरु चिसोमा युद्ध लड्न सक्षम थिए । त्यसबेला खुकुरी समेतको बलमा गोर्खा सैनिकहरुले अर्जेन्टिनाबाट टापु खोस्न सफल भए ।

ब्रिटिश सरकारले त्यस बेला युद्धअगाडि नै अर्जेन्टिनी सैनिकहरुको मनोबल गिराउन प्रोपोगान्डा पनि चलायो । उसले बीबीसी रेडियोमार्फत गोर्खा सैनिकहरु एकदमै हिंस्रक हुन्छन्, मृत्युसँग डराउँदैनन्, दुष्मनहरुलाई मार्छन् अनि खान्छन् भन्नेसम्मका अफवाह फैल्याएको थियो । ब्रिटिशको त्यही अफवाहपूर्ण सामाग्री पनि युद्धका लागि एउटा साधक बन्यो । जसले अर्जेन्टिनी सैनिकको मनोबल गिराउन पनि भूमिका खेल्यो ।

ब्रिटिश शासकहरुले भने जस्तै फकल्यान्डमा गोर्खाली सैनिकहरुले पनि बहादुरीपूर्वक युद्ध लडे । दुई महिनासम्म चलेको यो त्यही युद्ध थियो, जहाँ गोरखाहरूकै कारण १४ जुन १९८२ मा अर्जेन्टिनाले ब्रिटिशसँग आत्मसमर्पण गर्न बाध्य भयो ।

करिब २ महिना लामो युद्धपछि ब्रिटिशले उक्त टापु कब्जा गर्यो । त्यसबेलाको युद्धमा त्यहाँ ६४९ जना अर्जेन्टिनी सैनिक र नागरिक पनि मारिए ।

झण्डाको भ्रम

१९८२ को उक्त युद्धयता ४० वर्षदेखि फकल्यान्डको टापुमा ब्रिटिशको कब्जा रहेको छ । त्यो युद्धपछि अर्जेन्टिना र ब्रिटिशहरुबीच शीतयुद्धको अवस्था अहिले पनि यथावत छ । बरु उनीहरु एक देशका नागरिकलाई अर्क देशका नागरिकले अहिले पनि मन पराउँदैनन् ।

ब्रिटिश र अर्जेन्टिनाबीचको लडाइँमा प्रयोग भएका गोर्खा सैनिकका कारण नेपालीहरुलाई घृणा गर्छन् भनेर अहिले पनि अनेक किस्सा चलाइन्छ । तर अर्जेन्टिनीहरु नेपालीसँग अहिले पनि रिसाइरहेको र झण्डा जलाएको कुरा अफवाह मात्रै हो ।

नयाँ पुस्ताका अर्जेन्टिनीहरु मध्ये कमैले मात्रै नेपाल देशलाई चिन्छन् । बरु उनीहरुले विश्वको सर्वोच्च शिखर सगरमाथा (माउन्ट एभरेस्ट) र विश्वको एक मात्रै त्रिकोणयुक्त नेपाली झण्डाबारे केही सुनेका छन् । गोर्खा सैनिकबारे जाने बुझेकाहरुले नेपाल र गोर्खा सैनिकहरुको बहादुरीको अहिले पनि उल्टै प्रशंसा गर्छन् ।

गत वर्ष निधन भएका प्रख्यात अर्जेन्टिनी फुटबलर डियगो म्याराडोनाले नेपाल र गोर्खा सैनिकको समेत चर्चा गरेका थिए । सन् १९८६ मा बेलायतसँग क्वार्टर फाइनल खेल हुनु अघिल्लो दिन उनले त्यो खेल अर्जेन्टिनाले जित्ने बताएका थिए । पत्रकारहरुसँगको सवाल जवाफका क्रममा उनलाई सोधियो, 'यो विश्वकपको जस्तै आत्मविश्वासत फकल्यान्डको युद्ध (१९८२)मा पनि त थियो होला ?', उत्तरमा उनले भनेका थिए, 'हामी १९८२ मा फकल्यान्डमा ब्रिटिशहरुसँग हारेका थियौं । किनभने त्यसबेला ब्रिटिशहरु एक्लै थिएनन् । उनीहरुसँग मैदानमा गोर्खाली रिजिमेन्ट पनि थियो । तर फुटबलको मैदानमा उनीहरुलाई परास्त गर्छौं किन भने त्यहाँ उनीहरु एक्लै हुनेछन् ।'

सत्य के हो भने फकल्यान्डको युद्धमा गोर्खाली सैनिककै कारण अर्जेन्टिना हारेको थियो । तर त्यही युद्धलाई लिएर उनीहरले नेपालीलाई घृणा गर्छन् भन्ने कुरा अफवाह मात्रै हो । अर्जेन्टीनीहरुले नेपालको झण्डा जलाउने भ्रम मात्रै हुन् ।

सम्बन्ध

अर्जेन्टिना र नेपालबीच सन् १९६२ जनवरी १ मा तत्कालीन राजा महेन्द्र शाहका पालामा दौत्य सम्बन्ध स्थापित भएको थियो । दौत्य सम्बन्ध स्थापित भएको ६० वर्ष बितिसकेको छ तर यी दुई देशको राजदूतावास एकअर्कालाे देशमा छैन ।

अर्जेन्टिनाले भारतको नयाँदिल्लीस्थित दूतावासबाट नेपाललाई पनि हेर्ने गरेको छ । उता नेपालले ब्राजिलस्थित दूतावासबाट अर्जेन्टिनालाई हेर्ने गरेको छ । दक्षिण एसियाका भारत र पाकिस्तानमा मात्रै अर्जेन्टिनाको दूतावास छ ।

नेपालका पूर्व प्रधानमन्त्री कीर्तिनिधि बिष्टले अर्जेन्टिनी राष्ट्रपति कार्लोस सउल मेनेमको शपथ समारोहमा सन् १९८९ मा अर्जेन्टिना भ्रमण गरेका थिए । यो अहिले सम्म नेपालबाट भएको उच्चस्तरीय भ्रमण हो ।

त्यसपछि सन् २०१९ मार्चमा पनि नेपालबाट उच्चस्तरीय भ्रमण भएको छ । त्यसबेला परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवालीले अर्जेन्टिनाको भ्रमण गरेका थिए ।

त्यसबेला ज्ञवाली ब्युनोस आयर्स पुगेर राष्ट्रसंघीय सम्मेलन साउथ-साउथ को-अपरेशनमा भाग लिएका थिए । उनले त्यसबेला भ्रमणका क्रममा अर्जेन्टिनाका विदेश मामिला उपमन्त्रीसँग द्विपक्षीय वार्ता पनि गरेका थिए । संयुक्त राष्ट्रसंघ, अन्तर्राष्ट्रिय संगठनहरू र अन्तराष्ट्रिय सम्मलेनमा दुई देशका धेरै मुद्दा साझा हुने गरेका छन् । अर्जेन्टिनाबाट घुम्न नेपालमा वार्षिक तीन हजार भन्दा बढी पर्यटक पनि आउने गरेका छन् ।

नेपालमा अर्जेन्टिनाको मात्रै होइन, संसारका १८० बढी देशको दूतावास छैन । नेपालमा छिमेकी दुई ठूला देश भारत र चीन, युरोपेली देश, जापान र अमेरिकासहित २० देशको मात्रै दूतावास छ ।

अर्जेन्टिना र नेपाल जी ७७ का सदस्य राष्ट्र पनि हुन् । यी दुवैले संयुक्त राष्ट्रसंघीय सैन्य मिसनमा आफ्ना सेना पठाउने गरेका छन् । संकटका बेला यी दुई देशले एअर्कालाई सहयोग गर्दै आइरहेका छन् ।

अर्कातिर अर्जेन्टिनी कप्ता लियोनेले मेस्सीको लियो मेस्सी फाउन्डेसनले २०७२ वैशाख १२ गते गएको भूकम्पपछि नेपालमा १४ वटा स्वास्थ्य संस्था पुन:निर्माणमा आर्थिक सहयोग गरेको थियो ।

मिसाको भ्रम ?

अर्जेन्टिनाले अहिले पनि नेपालीलाई सजिलै भिसा दिन्छ । यदि अर्जेन्टिना जान चाहनु भएको छ भने नेपालबाटै भिसाका लागि अनलाइन निवेदन दिन सकिन्छ । तर भिसा अर्जेन्टिनाले दिने प्रक्रिया भने दिल्लीस्थित दूतावासले अघि बढाउँछ ।

अर्जेन्टिनाले भिसा नदिने भए तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि बिष्ट र परराष्ट्र मन्त्री प्रदीप ज्ञवालीको ब्युनोस आयर्स भ्रमण सम्भव नै हुने थिएन । बिष्ट त त्यहाँका राष्ट्रपतिको निम्तोमै अर्जेन्टिना पुगेका थिए ।

व्यापार

नेपालले अर्जेन्टिनाबाट पनि सामान आयात गर्छ । खासगरी त्यहाँबाट नेपालले केही तरकारी, मेसिन, पत्थर, सूर्यमुखी तेल रासयनिक पदार्थ, वनस्पति घ्यु, यान्त्रिक उपकरण, तारहरु र विभिन्न प्रकारका अनाज पनि आयात गर्ने गरेको छ ।

अर्जेन्टिना अहिले पनि नेपालले वस्तु आयात गर्नेमध्ये १२ औंदेशमा पर्छ । नेपालले सन् २०१९ मा ४४ मिलियन डलरको सामान आयात गरेको थियो ।

त्यस्तै नेपालले वनस्पति जन्य पदार्थ, सिन्थेथिक फाइबरका ज्याकेट, जुतका झोला, जुटका बोरा, वाद्यवादनका सामान र लुगा आदि निर्यात गर्दै आएको छ । अर्जेन्टिनी सरकारले नेपलमा छाला प्रशोधनको प्राविधिक सहयोग बढाउने पहल पनि गरेको थियो ।

यो वर्षको व्यापार

चालू आर्थिक वर्षको ४ महिनामा अर्जेन्टिनाबाट नेपालले १३ अर्ब रुपैयाँ बराबरको वस्तु आयात गरेको छ । तर उक्त अवधिमा नेपालले केवल १० लाख रुपैयाँको वस्तु निर्यात गरेको छ ।

अर्जेन्टिनाबाट कच्चा भट्टमासको तेल सबैभन्दा बढी आयात हुने गरेको छ । ४ महिनामा ११ अर्ब ८३ करोड रुपैयाँको तेल आयात भएको हो । त्यस्तै १ अर्ब १६ करोड रुपैयाँको सूर्यमुखीको कच्चा तेल नेपालमा आयात भएको छ ।

(स्रोत: नेपालखबर)

आजबाट हेटौंडामा जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिता हुँदै

हेटौंडा, २९ मंसिर/ आज शुक्रबारबाट हेटौंडामा १५ औं मकवानपुर जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिता हुँदैछ ।

मकवानपुर जिल्ला तेक्वान्दो कार्य समितिको आयोजनामा आजबाट हेटौंडामा १५ औं मकवानपुर जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिता हुन लागेको हो । दुई दिनसम्म चल्ने प्रतियोगितामा जिल्लाको बागमती, बकैया, कैलाश गाउँपालिका र हेटौंडा उपमहानगर पालिकाको गरी १५ वटा डोजाड़ले सहभागिता जनाउने भएका छन् ।

पुरुष र महिलाका विभिन्न विद्यामा हुने प्रतियोगितामा पुरुषतर्फ ११ र महिलातर्फ १० वटा तौल समूहमा प्रतिस्पर्धा गराईने तेक्वान्दो संघका अध्यक्ष लालकाजीर त्न बज्राचार्यले जानकारी दिए । अध्यक्ष बज्राचार्यले पुरुषतर्फ ५ केजीको फरकमा ६३ केजीसम्म र महिलातर्फ ५ केजीको अन्तरमा ५२ केजीसम्मका खेलाडीले प्रतियोगितामा सहभागिता जनाउने बताए ।

मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिले नै खर्च गर्ने गरी गर्न लागिएको प्रतियोगिताका लागि करिब २ लाख खर्च लाग्ने अनुमान गरिएको आयोजकले जनाएको छ । प्रतियोगितामा प्रथम र द्वितीय हुने खेलाडीलाई नगद १० हजार रुपैयाँ र ५ हजार रुपैयाँको सामग्री प्रदान गरिनेछ ।

प्रतियोगितामा प्रथम र द्वितीय पुरस्कार अध्यक्ष बज्राचार्य स्वंले आनो व्यक्तिगत खर्चमा दिन लागेका बताए । उनले लामो समय सम्म प्रतियोगिता नहुँदा जिल्लाका खेलाडीहरु उत्पादन गर्न समस्या हुने भएकाले प्रतियोगिता आयोजना गर्न लागेका बताए ।

अन्ततः सुरु भयो 'प्रसाद २'को छायांकन, विपिनको जोडी केकी

काठमाडौं/अन्ततः ठूलो रस्साकस्सी र संघर्षपछि फिल्म 'प्रसाद २'को छायांकन सुरु भएको छ । केहिले कलाकार र निर्देशक परि वर्तन हुने त केहिले छायांकन सेटमा पुगेर पनि विभिन्न विवाद उठ्जिए पछि अस्तव्यस्त बनेको यो फिल्मको बिहीबार कास्कीको माछापुच्छे गाउँपालिकामा क्यामेरा र स्क्रिप्ट पूजा गर्दै छायांकन थालिएको हो । करिब ४० दिनसम्म यही ठाउँमा फिल्मको छायांकन हुनेछ ।

सुदर्शन थापाले क्याप्टेनसिप सम्हालेको फिल्ममा विपिन कार्की र केकी अधिकारी मुख्य भूमिकामा छन् । पहिला केकीको ठाउँमा अभिनेत्री नम्रता श्रेष्ठ थिइन् । तर, अर्को फिल्मसँग सेड्युल जुधेपछि उनी सहमतिमै बाहिरिइन् र केकी भित्रिएकी हुन् । केकीको प्रवेशपछि फिल्मको स्क्रिप्टलाई केही परिवर्तन गरिएको जानकारी प्राप्त छ । विपिन भने 'प्रसाद'को पहिलो श्रृंखलामा पनि थिए ।

एस.जी फिल्मस् र सुलभ थापा प्रोडक्शनको ब्यानरमा निर्माण हुन लागेको फिल्ममा निर्माता सुदर्शन बस्नेत र कार्यकारी निर्माता सुवास थापा हुन् । फिल्ममा अर्पण थापा, महेश त्रिपाठी, कमलमणी नेपाल, प्रकाश घिमिरे, विशाल पहाडी, निमा पाण्डे लगायत पनि कलाकारमा छन् । फिल्ममा राजेश श्रेष्ठको छायांकन, उत्तम न्यौपानेको ध्वनी, राजनराज सिवाकोटीको गीतमा संगीत रहनेछ ।

फिल्मलाई रंग पत्रकार सुशिल पौडेलले लेखेका हुन् । २०७५ सालमा प्रदर्शित 'प्रसाद' सुपर हिट भएपछि यसको सिक्वेलको रुपमा 'प्रसाद २'को निर्माण हुन लागेको हो । फिल्मको कथावस्तु उत्कृष्ट भएकाले यसको सिक्वेलले पनि अघिल्लो श्रृंखलाको जस्तै माया पाउने विश्वास निर्देशक सुदर्शन थापाले लिएका छन् । मुहूर्त सेटबाट प्राप्त तस्विरमा केकी र विपिन फरक गेटअपमा प्रस्तुत छन् ।

'डिसेम्बर फल्स' ट्रेलरमा उपासनाका लागि आर्यनको लडाईं

काठमाडौं/नेपाली मुलका भारतीय निर्देशक प्रवीण झाको निर्देशनमा बनेको फिल्म 'डिसेम्बर फल्स'को ट्रेलर सार्वजनिक भएको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको २ मिनेट २३ सेकेन्डको ट्रेलरमा प्रेम र द्वन्द्वको दुईटा पाटोलाई देखाइएको छ । ट्रेलरको आधा भाग प्रेममय छ भने बाँकी आधा भाग द्वन्द्वका दृश्यले भरिएको छ । ट्रेलरमा मेकिङ क्वालिटी उच्च देखिन्छ ।

पेशाले नर्स उपासना सिंह ठकुरीलाई बढी उमेर भएको केटासँग प्रेम गाँस्न रुचि छैन । संयोगबस ३५ वर्षे आर्यन सिग्देल उनको पछि पर्छन् । बिस्तारै उपासना पनि उनको प्रेममा डुब्छिन् । तर, केही कुराले उनीहरुको सम्बन्ध विग्रन्छ । त्यसैबेला अस्पतालमा एक घटना घट्छ, जसले उपासना समस्यामा पर्छिन् । र, उनलाई बचाउन आर्यन युद्धभूमिमा हेमिन्छन् । ट्रेलरमा थिनै कुरा छन् ।

ट्रेलरको कटिङ शैली हेर्दा साउथ इन्डियन फिल्मको स्टाइल पछ्र्याउन खोजेको भान हुन्छ । ब्याकग्राउन्ड स्कोरको काम नौलो र पृथक लाग्न सक्छ । महेश आर गुप्ताका छायांकन पक्ष ट्रेलरमा प्रशंसनीय छ । आर्यनको कमेडी टाइमिङ, रोमान्टिक अवतार र एक्सनले ट्रेलर रोचक बनेको छ । ट्रेलरमा सलोन बस्नेत, नरेश भट्टराई, शिवदरी पौडेललगायतका कलाकार पनि देखिएका छन् ।

रामप्रसाद रिजालले निर्माण गरेको फिल्ममा सुमन थापा, शिशिर राणा, गीता अधिकारी, नागेन्द्र रिजाल, जयना कुँवर, सुमन थापा, सुमिन गुरुङ, किशन सुनुवार लगायतको पनि अभिनय छ । रिजाल एन्ड रिजाल प्रोडक्सनको ब्यानर मा निर्माण भएको 'डिसेम्बर फल्स'को कार्यकारी निर्माता लक्ष्मण रिजाल र असिम काफ्ले हुन् भने निर्मातामा रामप्रसाद रिजालका साथै राजकुमार भट्ट छन् ।

आगामी पुष १५ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा विपिका खनालको कथा, केदार भुषाल र प्रतिक पौडेलको पटकथा तथा संवाद, बनिष शाहको सम्पादन, श्री श्रेष्ठको द्वन्द्व निर्देशन, कविराज गहतराज, रामजी लामिछाने, शिशिर खाती र प्रविण सिंहको कोरियोग्राफी छ । फिल्मलाई सुनिल मानन्धरको कम्पनी श्रीराम बालाजी फिल्म्सले देशभर वितरणको जिम्मा लिएको छ । *(फिल्मीखबर)*

गोल्डेन बुटको दौडमा मेस्सी अगाडि

काठमाडौं/फ्रान्सका केलियन एम्बाप्पेले लगातार २ खेलमा गोल गर्न नसक्दा गोल्डेन बुटमा मेस्सीको सम्भावना बलियो बनेको छ । क्वार्टरफाइनलमा इंग्ल्याण्ड विरुद्ध गोल नगरेका एम्बाप्पेले सेमिफाइनलमा मोर क्कोविरुद्ध पनि गोल र असिस्ट दुवै गर्न सकेनन् ।

असिस्टका कारण गोल बराबरी भएपनि एम्बाप्पेलाई मेस्सीले पछि पारेका हुन् । एम्बाप्पे र मेस्सीले समान ५ गोल गरेका छन् । मेस्सीले ३ गोलमा असिस्ट गर्दा एम्बाप्पेले २ गोलमा मात्रै असिस्ट गरेका छन् ।

गोल संख्या बराबरी भएमा असिस्ट जसको बढी छ उसैलाई गोल्डेनबुट प्रदान गरिनेछ । असिस्ट पनि बराबरी भएको अवस्थामा मात्रै दुई खेलाडीले खेलेको समयका आधारमा निर्णय गरिनेछ । खेल समय भने एम्बाप्पेको कम छ ।

सबै खेलमा मेस्सीले पूरै समय मैदानमा बिताएका छन् । तर एम्बाप्पले केही खेल पूरै समय खेलेका छैनन् । गोल र असिस्ट बराबरी भएको अवस्थामा कम खेल खेल्नेलाई गोल्डेन बुट प्रदान गरिन्छ ।

यस्तै फ्रान्सका ओलिभर जिरुड र अर्जेन्टिनाका जुलियन अल्भारेजको पनि गोल्डेनबुट जित्ने सम्भावना कायम छ । यी दुवैले समान ४ गोल गरेका छन् ।

अब आइतबार राति हुने फाइनल खेलबाट मात्रै गोल्डेन बुटको विजेताको टुंगो लाग्ने छ । तेस्रो स्थानका लागि मोरक्को र क्रोएसिया शनिबार राति भिड्नेछन् ।

के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

साझाकुरा

"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

वेवसाइडमा: ***www.sajhakuranews.com***
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

सेवाग्राही बिहानैदेखि लाइनमा, मालपोतका कर्मचारीलाई रजाई

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ जिल्लाको उत्तरी क्षेत्रस्थित मालपोत कार्यालयका कर्मचारीको कार्यालयमा आउने समयको कुनै टुंगो नभएको पाइएको छ ।

कार्यालय खुल्ने समय बिहान १० बजेदेखि सेवाग्राहीको लाइन लाग्दासमेत थाहा नगरपालिकामा रहेको मालपोतका कर्मचारीहरु भने आफ्नै ढंगले कार्यालयमा आउने गरेको खुलेको हो । उनीहरुले कार्यालय खुल्ने समयमै हाजिर भएर सेवाग्राहीको सेवा प्रदानमा खटिनुपर्ने नियमको ठाडो उल्लघंन गरिरहेको पाइएको हो । 'हामी १० बजेदेखि नै यहाँ आएर बसेका छौं । कर्मचारी को छैनन् । कति बेला काम सकेर घर जानु । कस्तो मनलागनी उहाँहरुलाई,' कार्यालयमा आएका सेवाग्राहीले भने । मालपोतका कतिपय कर्मचारी ११ बजेतिर कार्यालयमा आएर हाजिर गरेको देखिएको छ ।

कार्यालयमा १० बजेर ४० मिनेट जादा ३ जना कर्मचारी भेटिएका थिए । कार्यालय प्रमुख विदामा तर निमित्त प्रमुख रामकुमार कार्की बाहिरी पोशाकमा १० बजेर ५४ मिनेट हुँदा कार्यालयमा आइपुगेका थिए । कार्यालयमा भएका कर्मचारीको पनि पोशाक दिएन । उनीहरुले परिचय पत्रसमेत नलगाएको पाइएको छ । कर्मचारीको हाजिरी समेत हप्तौंदेखि खाली रहेको भेटिएको छ । कर्मचारीहरुले हाजिरी पनि नगर्ने गरेको पाइएको छ । केही दिनअघि मालपोत कार्यालय थाहा नगरका प्रमुख बिदामा रहेका बेला कर्मचारीहरुलाई रजाई बनेको हो । कार्यालय प्रमुख नहुँदा कर्मचारीहरुको कार्यालय आउने र जाने समयको कुनै टुंगो नभएको सेवाग्राहीले जानकारी दिएका छन् ।

मालपोतमा निमित्त प्रमुखमा स्थानीय रामकुमार कार्की नै छन् । थाहा नगरमै भएका कार्कीसमेत समयमा कार्यालय आउने नगरेको पाइएको हो । 'हाकिम विदामा छन् । निमित्त हाकिमको जिम्मेवारी पाएकाको पनि कार्यालय आउने समय निश्चित नभएपछि कर्मचारीहरुले के गर्ने । हामी कहाँदिँ दुःख गरेर यो चिसोमा आएको उहाँहरुलाई त क्या मोजमस्ती छ,' एक सेवाग्राहीले रुष्ट हुँदै भने ।

कर्मचारी समयमा नै कार्यालयमा नआउँदा संधै समस्यामा पर्ने गरेको गुनासो सेवाग्राहीले गरेका छन् । चाँडो काम सकाएर अन्य काममा जानुपर्ने चटारोका बीच कर्मचारीकै कारण सेवाग्राहीलाई समस्या बनिरहेको देखिएको हो । कार्यालयमा समयमा नजाने मात्र नभई कर्मचारीहरुले पाएको सुविधाको पनि सद्पयोग गरेका छैनन् । कर्मचारीले पोशाकका लागि बर्षमा दश हजार रुपैयाँ सुविधा पाउँछन् । तर, उक्त सुविधा लिएर पनि उनीहरु पोशाकमा आउने गरेका छैनन् ।

सरकारी कार्यालयका कर्मचारीले अनिवार्य तोकिएको मापदण्डको पोशाक लगाउनु पर्छ । मापदण्डमा सेतो सट, निलो पाईन्ट, निलो कोट र कार्यालयमा बस्दा अनिवार्य परिचयपत्र देखिने गरी लगाउनु पर्ने उल्लेख छ । तर थाहा नगरपालिकामा रहेको मालपोत कार्यालयमा भने यी सबै नियम पालना कर्मचारीहरुले नगरेको देखिएको हो । मालपोत कार्यालयका निमित्त प्रमुख कार्कीले आगामी दिनमा गल्ती नदोहोरिने प्रतिबद्धता जनाएका छन् । अबदेखि कार्यालयमा आउन ढिलाइ हुन नदिने कार्की बताउँछन् ।

मकवानपुरमा बिहीवार डेंगु संक्रमित शुन्य

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ मकवानपुरमा पछिल्लो समय डेंगु संक्रमितको संख्या घट्दै गइरहेको तथ्यांकले देखाएको छ । केही समय अघि महामारीको रुपमा देखा परेको डेंगुको संक्रमण दर निरन्तर घटिरहेको हो ।

गत असोजदेखि कार्तिक सम्म नै हेटौंडा अस्पतालमा डेंगुका बिरामी खचाखच हुने गरेका थिए । तर, मंसिर लागेपछि भने निरन्तर डेंगु संक्रमितका बिरामी घट्दो क्रममा छन् । मकवानपुरमा बिहीवार डेंगु संक्रमित देखा नपरेको स्वास्थ्य कार्यालय मकवानपुरले जानकारी दिएको छ । कार्यालयका अनुसार मकवानपुरमा डेंगु संक्रमितको संख्या ५ हजार ८ सय ४५ सय जना पुगेको छ । झण्डै ६ हजारको नजिकमा रहेको डेंगु संक्रमितको संख्या बढ्ने क्रम रोकिएको स्वास्थ्य कार्यालयको तथ्यांकले देखाएको हो । २३ मंसिर शुक्रबार पनि जिल्लामा डेंगु संक्रमित देखा परेका थिएनन् ।

त्यसयता बुधवार २ जनामा संक्रमण देखिएको थियो । गत आइतबार ७ जनामा संक्रमण देखिएको स्वास्थ्य कार्यालय मकवानपुरको तथ्यांकमा उल्लेख छ । एडिस जातका (एजिप्टाइ र अल्बोपिक्टस) पोथी लामखुट्टेको टोकाइबाट संक्रमण हुने भाइरल ज्वरोमध्ये एक हो डेंगु । ज्वरो आउने, आँखा रातो हुने र दुख्ने, टाउको, पेट, जोर्नी र मांसपेशी दुख्ने, आलस्य हुनेजस्ता डेंगुका सुरुवाती लक्षणहरु हुन् । डेंगु ज्वरो ५ देखि ७ दिनसम्म रहन सक्छ । डेंगु लागेमा मानिसको रक्तकोष घट्न गई रोग प्रतिरोधात्मक क्षमतामा ह्रास आउँछ र मानिसहरु सिकिस्त हुने गर्छन् । चिकित्सकहरुका अनुसार विगतमा यसवर्ष मकवानपुरमा देखिएको डेंगु संक्रमण बढी घातक थियो ।

मकवानपुरमा डेंगु संक्रमणकै कारण १ जनाको मृत्यु भएको थियो । स्वास्थ्य कार्यालयका अनुसार साउनदेखि बिहीवारसम्म डेंगु संक्रमण ३ हजार १ सय ९९ जना पुरुष र २ हजार ६ सय ४६ जना महिला देखिएको हो । जिल्लाका १० स्थानीय तहमध्ये सबैभन्दा धेरै डेंगु संक्रमित हेटौंडा उपमहानगर पालिकामा रहेका छन् । हेटौंडामा धेरै जनघनत्व र लामखुट्टेको प्रमुख बासस्थानको रुपमा देखिएको फोहोर पानी जम्ने धेरै ठाउँ भएकाले पनि बढी संक्रमण देखिएका हुन् । हेटौंडामा मात्रै ४ हजार ३ सय ३६ जनामा डेंगु संक्रमण भएको कार्यालयले जानकारी दिएको छ । जसमध्ये २ हजार ३ सय ८९ जना पुरुष र १ हजार ९ सय ४७ जना महिला रहेका छन् ।

जिल्लाको पश्चिमी क्षेत्रमा रहेको मनहरी गाउँपालिकामा ५ सय ४७ जना पुरुष र ४ सय ९९ जना महिला गरी १ हजार ४६ जनामा संक्रमण देखिएको हो । थाहा नगरपालिकामा १ सय ८ जना पुरुष र ६७ जना महिला गरी १ सय ७५ जना, मकवानपुरगढी गाउँपालिकामा ४५ जना पुरुष र ३४ जना महिला गरी ७९ जना, बागमती गाउँपालिकाका ४ जना पुरुष र ४ जना महिला गरी ८ जनामा संक्रमण पुष्टि भएको छ । इन्द्रसरोवर गाउँपालिकामा एक जना पुरुष र २ जना महिला गरी ३ जना, कैलाश गाउँपालिकाका ५ जना पुरुष र ३ जना महिला गरी ८ जना, भीमफेदी गाउँपालिकामा ३१ जना पुरुष र २८ जना महिला गरी ५९ जनामा संक्रमण भएको हो ।

यसैगरी, पूर्वी क्षेत्रको बकैया गाउँपालिकामा १८ जना पुरुष र २८ जना पुरुष गरी ४६ जना, राक्सिराङ गाउँपालिकमा १९ जना पुरुष र ६ जना महिला गरी २५ जना, हाल ठेगाना नखुलेका १७ जना पुरुष र १८ जना महिला गरी ३५, अन्य जिल्लाका १५ जना पुरुष र १० जना महिला गरी २५ जनालाई संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालयले जनाएको छ ।



चैनपुरमा बाल अधिकार समूह गठन

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ जिल्लाको विकट मानिने चेपाङ र तामाङ समुदायको बाक्लो बसोबास रहेको राक्सिराङ गाउँपालिकाको चैनपुरमा बाल अधिकार समूह गठन गरिएको छ ।

अनौपचारिक शिक्षा केन्द्र (इन्सेक) बागमती प्रदेशले बिहीबार राक्सिराङ-५, स्थित प्रजा जागृति आधरभुत विद्यालयमा बाल अधिकार समूह गठन गरेको हो । मानव अधिकार शिक्षा कार्यक्रमअन्तर्गत इन्सेकले विद्यालयमा बाल अधिकार समूह गठन गरेको (इन्सेक) बागमतीका सहजकर्ता सलिना गौतमले जानकारी दिएकी छन् ।

विद्यालय स्तरमा बालबालिकालाई मानव अधिकारको बारेमा सचेत पार्नको लागि विद्यालयका बालबालिकाहरुलाई पनि समेटेर अगाडि जान सके समाजमा मानव अधिकारको प्रत्याभूति र समाजमा सुशासन कायम गराउनको लागि सहयोग पुऱ्याउन विद्यालय स्तरमा बाल अधिकार समूह गठन गर्न लागिएको गौतमले बताइन् ।

राक्सिराङ-५ का वडा अध्यक्ष हरिबहादुर प्रजाको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बोल्दै उनले राक्सिराङ गाउपालिकामै मानव अधिकारका सवालमा काम गर्ने संस्था (ईन्सेक) भएको भन्दै मिलेर वडा सरकारसँगै अगाडि बढ्ने प्रतिबद्धता जनाए । बालबालिकालाई बाल अधिकार र मानव अधिकारको बारेमा संस्थाले आफ्ना वडाका बालबालिकालाई थप जानकारी मिल्ने र मानव अधिकार तथा बाल अधिकारको बारेमा आफ् पनि जानकार र अरु साथीभाईलाई पनि बुझाउन सक्ने बन्न शुभकामना दिए । गाँउपालिका सामाजिक विकास शाखाका गोविन्द विश्वकर्माले समाजमा अझै पनि मानव अधिकार भनेको के हो ? र विद्यालयमा पढ्दै गरेको बालबालिकाहरुलाई अधिकारको बारेमा जानकारी नभएको भन्दै संस्थाले गर्न लागेको यस कार्यमा सहकार्य गर्ने बताए ।

अर्पण प्रजाको अध्यक्षतामा १३ सदस्यीय बाल अधिकार समूह गठन गरिएको हो । समूहको सचिवमा रोजन प्रजा र सहसचिवमा सोरिया प्रजा रहेका छन् । शिक्षक संरक्षकमा शर्मिला पौडेललाई चयन भएकी छन् ।

इन्सेकले यसअघि राक्सिराङ गाँउपालिकाको ३ नम्बर वडास्थित सुर्योदय माविमा बाल अधिकार समूह गठन गरिसकेको छ । विद्यालयका प्रधानाध्यापक सुर्यबहादुर प्जाको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिकाको महिला तथा बालबालिका शाखाका गोमा पन्त, विद्यालय व्यवस्थापन समिति सदस्य सुरक्षा प्रजा, सहायक प्रधानाध्यापक रामप्रसाद सापकोटा, रेडियो मनहरी एफएमका स्टेसन म्यानेजर शिवकुमार रिजाल काशी लगायतकाको आतिथ्यता थियो ।

१६ वर्षको उमेरमा ऋत्विकको 'कोरिएका धर्साहरु'

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ हेटौंडाका एक १६ वर्षीय बालकले तयार पारेको कविता संग्रह 'कोरिएका धर्साहरु' विमोचन गरिएको छ । हेटौंडा-२, स्थित बालजागृति अंग्रेजी माध्यमिक विद्यालयको कक्षा १० मा पढ्दै आएका ऋत्विक केबीको पहिलो कविता संग्रह 'कोरिएका धर्साहरु' विमोचन गरिएको हो ।

ऋत्विकको आमा पुण्यशिला श्रेष्ठ प्रकाशक रहेको कविता संग्रह बिहीबार बालजागृति विद्यालयमा विमोचन गरिएको हो । संग्रहमा २४ वटा कवितारु रहेका छन् ।

सर्जक सञ्जाल मकवानपुर अध्यक्ष साहित्यकार निमेष निखिलले सानै उमेरमा कविता संग्रह प्रकाशन गरेको भन्दै उनको प्रशंसा गरे । बालजागृति विद्यालयका प्रिन्सिपल विनोद सुवेदीले ऋत्विकको कविता संग्रहले गौरभान्वित भएको सुनाए ।

हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखा प्रमुख गंगाधर रिमालको प्रमुख आतिथ्यतामा भएको विमोचन कार्यक्रममा बालजागृति विद्यालयका सञ्चालक समिति अध्यक्ष दिनेशप्रसाद भण्डारीको अध्यक्षता रहेको थियो ।

ऋत्विकको आमा पुण्यशिलाले २० वर्षमा आफूले पहिलो कृति प्रकाशन गरेको तर छोराले १६ वर्षमै कृति प्रकाशन गरेर रेकर्ड ब्रेक' गरेको बताइन् । उनका बाबु ऋषि केबीले पनि आफ्नो पहिलो कृति १८ वर्षको उमेरमा निकालेको भन्दै छोराले सानै उमेरमा कविता संग्रह निकालेको बताए ।

कार्यक्रममा उच्च अदालत बार एसोसिएसन मकवानपुरका पूर्वअध्यक्ष मदन दाहाल, बालजागृति विद्यालयका व्यवस्थापन समिति अध्यक्ष रामकृष्ण तिमल्सिना, साहित्य संगम मकवानपुरका अध्यक्ष अनिता न्यौपाने, नेपाल पत्रकार महासंघ मकवानपुरका उपध्यक्ष ध्रुव अधिकारी लगायतको आतिथ्यता थियो ।

'एथ्लेटिक्सबाटै खेलाडीको करियर अगाडि बढ्छ'

साझाकुरा संवाददाता

हेटौंडा, २९ मंसिर/ एथ्लेटिक्स खेलबाट नै राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडीको करियर अगाडि बढ्ने नेपाल एथ्लेटिक्स संघका केन्द्रीय सदस्य प्रभाकर पाण्डेले बताएका छन् ।

नवोदय शिशु सदन अंग्रेजी माध्यमिक विद्यालयको सप्ताहाव्यापी खेलकुद प्रतियोगिताको क्यामप्मा चौरमा हुने प्रतियोगिताको समुद्घाटन गर्दै पाण्डेले एथ्लेटिक्स खेलबाट नै खेलाडीहरुले अहिले विश्वकप फुटबल खेल खेलिरहेको उनले बताए ।

सप्ताहाव्यापी खेलकुद कार्यक्रमका संयोजक रोशिक श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा स्कुल अफ म्यानेजमेन्टका प्रिन्सिपल तथा नवोदय विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष पुर नवल्हादुर जोशीले शरीरलाई तन्दुरुस्त बनाउनका निम्ति खेलकुदको भूमिका महत्वपूर्ण रहने बताए ।

नवोदय शिशु सदनमा सञ्चालन भएको स्काउट कार्यक्रम नवीन कार्यक्रम भएकाले विद्यालयले गरिने हरेक क्रियाकलापहरु नयाँ हुने गरेको उनले बताए ।

समाज रुपान्तरणका लागि स्काउटले महत्वपूर्ण निर्वाह गर्नेमा उनले जोड दिए । नवोदय स्काउटका विद्यार्थीहरुलाई क्यामप्मा मिनी रंगशालामा मार्चपासमेत गरेका थिए । कक्षा ४ देखि १० सम्मका अध्ययनरत विद्यार्थीहरु धौलागिरि सदन, सगरमाथा, कञ्चनजंघा र अन्नपूर्ण सदनमा विभाजन भएका विद्यार्थीहरुले खेलकुद प्रतियोगितामा भाग लिएका थिए । सप्ताहाव्यापी खेलकुद कार्यक्रमअन्तर्गत क्यामप्मा रंगशालामा दौड प्रतियोगिता, टक अफ वार, स्पोन दौडलगायतका प्रतियोगिताका खेलहरु सञ्चालन हुनेछन् भने फुटबल, भलिबल, क्रिकेटलगायतका खेल सम्पन्न भइसकेका छन् ।

बागमती प्रदेशमा ३३ वटा राजनीतिक दलको जमानत जफत

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/ गत ४ मंसिरमा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनबाट बागमती प्रदेशसभा निर्वाचनमा सहभागी भएका ३३ वटा राजनीतिक दलको जमानत जफत भएको छ ।

बागमती प्रदेशसभा सदस्यको लागि निर्वाचनमा हेमिएका विभिन्न ३३ वटा राजनीतिक दलको जमानत जफत भएको निर्वाचन आयोगले जनाएको हो । प्रदेशसभामा समानुपातिकतर्फ कम्तीमा एक सिट ल्याउन नसक्ने दलको जमानत जफत भएको निर्वाचन आयोगले जनाएको छ ।

प्रदेशमा १ मा ३० वटा राजनीतिक दलको जमानत जफत भएको छ । मधेश प्रदेशमा २६, गण्डकीमा २४ वटा दलले जमानत रकम फिर्ता पाएनन् । आयोगका अनुसार लुम्बिनी प्रदेश कर्णालीमा २२/ २२ वटा दलको जमानत जफत भएको छ ।

सुदुरपश्चिम प्रदेशमा २८ वटा दलको जमानत जफत भएको आयोगले जनाएको छ । यस्तै, प्रतिनिधिसभातर्फ समानुपातिकमा ४० वटा राजनीतिक दलको जमानत जफत भएको छ ।

दुईसय बाखालाई खोरेत रोगविरुद्वको भ्याक्सिन खोप

साझाकुरा संवाददाता

हेटौंडा, २० मंसिर/ जनप्रिय प्राविधिक शिक्षालयमा जेटिए पशु विज्ञानमा अध्ययनरत विद्यार्थीहरुले दुईसय बाखालाई खोरेत रोगविरुद्वको भ्याक्सिन खोप लगाएका छन् ।

जनप्रिय प्राविधिक शिक्षालयमा जेटिए पशु विज्ञानमा अध्ययनरत विद्यार्थीहरुले बिहीबार हेटौंडा-१७ हटियास्थित रहेको बिबिआर एग्रो प्रलिमा रहेको दुईसय वटा बाखालाई खोरेत रोगविरुद्वको भ्याक्सिन खोप लगाएका हुन् । जनप्रिय प्राविधिक शिक्षालयका पशु सहायक प्रशिक्षक लक्ष्मण चौधरीले विद्यार्थीको प्रयोगात्मक सीप विकासको लागि अहिले विभिन्न पशु सम्बन्धि प्रयोगात्मक क्रियाकलाप भइरहेको बताए । खोरेत भ्याक्सिन बिबिआर एग्रो प्रालिका सञ्चालक विवेक सुवेदीले व्यवस्था गरेका थिए । ३५ जना विद्यार्थीहरुले सामूहिक रुपमा बाखालाई खोरेत रोगविरुद्वको भ्याक्सिन खोप लगाइदिएका थिए ।

साधारणसभा सम्बन्धी सूचना

यस ॐ आरोग्य उपभोक्ता सहकारी संस्था लि.को नियमित १० औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने व्यहोराको पत्र सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पठाइसकिएको छ । कारणवश पत्र प्राप्त नभए यसै सूचनालाई आधार मानी उक्त गरिमामय सभामा उपस्थितिको लागि सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

साधारणसभा हुने:

मिति : २०७९ पौष २ गते शनिबार।
समय : बिहान ११:०० बजे ।
स्थान : हेटौंडा-४ पशुपति मन्दिर हल ।

विरकृष्ण महर्जन (अध्यक्ष)
९८५५०६९२३५
विष्णु प्रसाद दाहाल (सचिव)
९८४५०३०१७२
ॐ आरोग्य उपभोक्ता सहकारी संस्था लिमिटेड
हेटौंडा-४, पशुपति मन्दिर

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

अब प्रत्येक दिन हेटौंडा सिटी हस्पिटलमा

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

साथै हरेक दिन HD Quality को इण्डोस्कोपि सेवा प्रदान गरिन्छ ।

थप जानकारीको लागि

हेटौंडा सिटी हस्पिटल प्रा.लि.
फोन न.:०५७-५२०३१५

रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क नं.:
९८४५२९०३९१, ९८५५०८५३९१

थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा विशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

कार्यरत विशेषज्ञ डाक्टरहरु :
- हाडजोर्नि तथा नशा रोग विशेज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गोहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुबास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाटर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

हेटौंडा मोडेल अस्पताल
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरबा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२९११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना